# सानैदेखि पुस्तक पढ्ने बानीको महत्व

*– विनयकुमार कसजू*

सबै आमाबाबु आफ्ना सन्तानको भविष्य उज्वल बनाउन चाहन्छन् । यसैले उनीहरुले आफ्ना सन्तानलाई राम्रो विद्यालयमा पढाउन खोज्छन् । तर स्कुल र शिक्षक जति राम्रो भए पनि सानैदेखि केटाकेटीमा पढ्ने बानी बसेन भने उनीहरुले कुनै पनि विषय ध्यान दिएर पढ्न सक्तैनन् र कुनै पनि विषयको पढाइमा राम्रो गर्न सक्तैनन् । फलस्वरुप परीक्षामा राम्रो नतिजा ल्याउन सक्तैनन् ।

कुनै पनि काम एक चित्त लाएर अर्थात् ध्यान दिएर गर्दा काम राम्रो हुन्छ । ध्यान दिने बानी शिशु अवस्थादेखि नै सुरु हुन्छ । केटाकेटीले ध्यान दिएर पढेनन् भने पढाइमा राम्रो गर्न सक्तैनन् । तर अचेल केटाकेटीहरुमा कुनै काममा निरन्तर ध्यान दिन नसक्ने, चाँडैचाँडै ध्यान भंग हुने प्रवृत्ति बढिरहेको छ । टेलिभिजन, मोबाइलफोन, इन्टरनेट आदिमा बढी समय बिताउँदा ध्यान केन्द्रित गर्न गाह्रो हुन्छ । पुस्तक पढ्ने र सुन्ने बानी बस्यो भने ध्यान दिएर सुन्ने वा धेरै बेरसम्म एउटै काममा ध्यान दिने क्षमता बढ्दै जान्छ । यसले बालबालिकाको शैक्षिक प्रगतिमा सघाउँछ ।

आमाबाबुले शिशुलाई पुस्तक पढेर सुनाउँदा शिशुमा दुइटा प्रभाव पर्छ । एक - ऊ ध्वनि अर्थात् शब्दहरुको उच्चारणबाट परिचित हुन्छ जसले गर्दा पछि अरुसँग कुरा गर्दा वा विद्यालयमा अध्ययन गर्दा शब्द बुझ्न र टिप्न उसलाई गाह्रो हुँदैन । दुई - आमाबाबुको काखमा बसेर गीत, कविता, लोरी, विभिन्न जीवजन्तु र पशुपंछीको आवाज सुन्दा उसलाई रमाइलो लाग्छ । यसरी उसमा पुस्तकमा रमाउने बानी पर्छ ।

बत्तिस देशका साढे दुई लाख किशोरकिशारीहरुको पढ्ने बानी र स्कुलमा उनीहरुको पढाइको प्रगतिका सम्बन्धका अध्ययन गर्दा के देखियो भने संसारको जुन सुकै देशमा, जुन सुकै समाजमा, धनी गरिब, गाउँ शहर जहाँ पनि जुन केटाकेटीको पढ्ने बानी राम्रो हुन्छ उसैले स्कुलको सबै विषयको पढाइमा राम्रो गर्छ ।

हाम्रो पुरानो र प्रचलित शिक्षा प्रणालीअनुसार कुनै डिग्री हासिल गरेपछि मानिसले पढ्न छाड्छ । पढ्नु भनेको स्कुल र कलेजमा र जाँच दिनको लागि मात्रै हो भन्ने सोच्नेहरु धेरै हुन्छन् । अमेरिकामा गरिएको अध्ययनहरुबाट के देखिन्छ भने जतिजति उमेर बढ्दै जान्छ उतिउति पढ्ने बानी घट्दै जान्छ । १२ कक्षामा पुगेपछि केवल १९ प्रतिशत विद्यार्थीले दैनिक जीवनमा आनन्दका लागि पढ्ने गर्छन् । तर अहिलेको सूचनाको युगमा कुनै पनि व्यवसायमा सफल हुन मानिसले आफ्नो सूचना र ज्ञानको नवीकरण (अपडेट) गरिरहनु पर्छ । अर्थात् मानिसले जीवनभरि पढ्नु पर्छ । जन्मेदेखि नै पढ्ने काममा रुचि जगाइ दिन सके जीवनभरि बालबालिकामा पढ्ने बानी बस्छ ।

घर बनाउनका लागि इँटा आधारभूत र महत्वपूर्ण सामग्री हो । त्यस्तै कुनै पनि विषय सिक्नका लागि शब्दहरु आधारभूत वस्तु हुन् । शब्द बिना मानिसले सोच्न, बोल्न र बुझ्न पनि सक्तैन । जति धेरै शब्द जान्यो मानिसको बुझ्ने क्षमता तथा बोल्ने र अभिव्यक्त गर्ने सीप पनि उति धेरै बढ्छ । यसैले शिशुहरुलाई सानैदेखि शब्द सिकाउनु महत्वपूर्ण काम हो ।

शब्दहरु केटाकेटीको दिमागभित्र घुसाउने र उसको दिमागमा शब्द भण्डार भर्ने दुइटा मात्रै बाटा छन् : १- आँखाबाट र २- कानबाट । केटाकेटीले अक्षर पढ्न जान्नका लागि झण्डै चार वर्ष लाग्ने हुनाले आँखाबाट शब्द घुसाउन चार वर्ष पर्खनु पर्छ । यसैले केटाकेटीको दिमागमा शब्द भण्डार भर्ने सबैभन्दा राम्रो तरिका कानबाट घुसाउनु हो ।

शिशुले नयाँ शब्द सुन्दा उसले सुनेको शब्दको अर्थ नबुझे पनि सुनेको शब्द उसको दिमागको शब्दभण्डारमा जम्मा भइरहन्छ । यसरी कानबाट भित्र घुसाइएका शब्दहरु केटाकेटीको दिमागमा बुझाइ र बोलाइको आधारभूत जग बन्छन् । पछि स्कुलमा पढ्दा पहिले सुनेका र दिमागमा बसेका शब्दहरु सहज र परिचित लाग्छन् । पुस्तक पढ्दा तिनै शब्दहरुले मदत गर्छन् । दिमागमा जमेर बसेका शब्दहरुले उनीहरुलाई पछिसम्म अरु शब्द बुझ्न र पढ्न सघाउँछन् ।

जन्मँदा शिशुको दिमागमा शब्दको भण्डार हुँदैन । आमाबाबु वा वरिपरिका मानिसले बोलेको सुन्दै जाँदा उसको शब्दभण्डार बढ्न थाल्छ । यसैले आमाबाबुले हमेसा शिशुहरुसँग बोलिरहनु पर्छ र उनीहरुको दिमागको शब्द भण्डार बढाउने कोशिस गरिरहनु पर्छ । आमाबाबुले शिशुको दिमागमा यति धेरै शब्द भरिदिनु पर्छ कि त्यो छताछुल्ल भएर बोलीको रुपमा, पढाइको रुपमा र लेखाइको रुपमा बाहिर छचल्कियोस् ।

केटाकेटीहरु पहिले सुनेर बुझ्छन् अनि पढेर बुझ्छन् । त्यसपछि लेखेर बुझ्छन् । पहिले नसुनेका कुनै शब्द पढ्न वा लेख्न गाह्रो हुन्छ । तर धेरै पटक सुनेका शब्द पढ्न र लेख्न सजिलो हुन्छ । यसैले शिशुहरुले नबुझे पनि शब्द सुन्नु महत्वपूर्ण हुन्छ । कतिपय शब्द वाक्यहरुमा प्रयोग गरेको सुन्दासुन्दा पनि उनीहरुले बुझ्न थाल्छन् ।

अमेरिकी परिवारका शिशुहरुको सम्बन्धमा गरिएको एउटा अध्ययनले के देखाएको छ भने त्यहाँका चार वर्ष पुगेका शिशुहरुमध्ये उच्च आय वर्गका परिवारका शिशुले चार वर्षको उमेरमा साढे चार करोड शब्द (साढे चार करोड प्रकारका होइन ) आफ्नो परिवार र आफन्तबाट सुनेका हुन्छन् । तर यही उमेरका मध्यम आय भएका परिवारका शिशुले २.६ करोड शब्द सुनेका हुन्छन् । अनि कम आय भएका परिवारका शिशुले केवल १.३ करोड शब्द सुनेका हुन्छन् । धनी र गरिब परिवारका केटाकेटीहरु बीचको शब्दसँग परिचित हुने अवसरको यो भेदभावलाई पुस्तक पढेर सुनाउने प्रचलन बढाएर मेट्न सकिन्छ ।

शिशुहरुले वर्षमा सामान्यतः ९०० घन्टा स्कुलमा बिताउँछन् भने ७,८०० घन्टा घरमा बिताउँछन् । यसैले शिशुलाई शब्द सिकाउने जिम्मा शिक्षक वा विद्यालयलाई मात्रै दिनु हुँदैन । आमाबाबु र घरपरिवारले यसको मुख्य जिम्मा लिनु पर्छ । जुन घरमा पुस्तक पत्रिका धेरै पढिन्छ त्यही घरका केटाकेटीहरुको पढ्ने क्षमताको स्तर बढी हुन्छ । पढ्ने वातावरणमा हुर्केका केटाकेटीहरु अरु केटाकेटीभन्दा धेरै पुस्तकालयमा जान्छन् । पुस्तक पढ्ने बानी र पुस्तक पढेर हुने फाइदालाई अरु कुनै बानी वा कामसँग दाँज्न सकिन्न । किनकि अहिलेको सूचना र ज्ञानको युगमा जसले सबैभन्दा धेरै अध्ययन गर्छ उसैले जीवनमा प्रगति गर्न सक्छ ।

अहिले संसारभरिकै किशोर र युवाहरुमा पढ्ने बानी घटिरहेको छ । यसको मुख्य कारण प्राविधिक विकासले व्यक्ति, परिवार र समाजमा पारेको सामाजिक, आर्थिक अवस्थामा ल्याएको परिवर्तन नै हो । मानिसहरु फुर्सतको समयमा पुस्तक पढ्नु भन्दा समाजमा वा साथीभाइसँग घुलमिल हुन र सामाजिक अन्तरक्रियामा समय बिताउन चाहन्छन् । बालबालिका र किशोरहरु

पनि घरमा पढेर बस्नु भन्दा साथीहरुसँग समय बिताउन रुचाउँछन् । किशोरहरु पुस्तकमा भन्दा इन्टरनेटमा उपलब्ध च्याट, इमेल ब्लग आदि सुविधा प्रयोग गर्न रमाउँछन् । संगीत, चलचित्र र खेलका भिडियोहरु सीडीमा सस्तोमा पाइन्छ । पुस्तक पढनु भन्दा सुन्ने र हेर्ने कुरा सजिलो र रमाइलो पनि हुन्छ । यो अवस्थालाई बदल्न बालबालिकालाई शिशु अवस्थादेखि नै पढ्ने बानी बसाल्नु अति आवश्यक छ ।

केटाकेटीले उनीहरुको स्तर र रुचि अनुसारका पुस्तक आफूखुशी पढ्न पाए भने उनीहरुको पढ्ने बानी बढ्छ । उनीहरुलाई रमाइलो लाग्ने पुस्तक पढ्न पाएपछि पढ्ने क्रम र परिमाण पनि बढ्छ । उनीहरुको बुझाइको क्षमता पनि बढ्छ । आमाबाबुले नयाँनयाँ र रमाइला पुस्तक उपलब्ध गराएर, राम्रा विषयवस्तु पढ्ने सुझाव दिएर तथा बालबालिकाले नबुझेका कुरा र शब्द बुझ्न सघाएर उनीहरुलाई मनोरन्जनका लागि पुस्तक पढ्ने भन्ने धारणा बलियो बनाउन सक्छन् । किताबको लागि धेरै खर्च गर्नु पनि पर्दैन । पुस्तकालयमा जाने बानी बसाल्यो भने पुस्तकको खानी भेट्टाउन सकिन्छ ।

अमेरिकी विद्यार्थीहरुमा पढ्ने बानी घटेको सम्बन्धमा अध्ययन गर्न सन् १९८३ मा कमिसन अन रिडिङ नामक आयोग गठन भएको थियो । सो आयोगको भनाइ छ : ज्ञानको लागि पढने बानीको विकास गरी विद्यार्थीहरुलाई जीवनमा पढैया बनाउनका लागि सबैभन्दा महत्वपूर्ण काम उनीहरुलाई शिशु अवस्थादेखि नै पुस्तक पढेर सुनाउनु हो ।

शिशुहरुसँग कुराकानी गर्दा, उनीहरुलाई आफूखुशी सम्झनाको भरमा कथा वा विवरण सुनाउँदा भन्दा पुस्तक पढेर सुनाउँदा धेरै फाइदा हुन्छ । मानिसले बोलिचालीमा जति शब्दभण्डारको उपयोग गर्छ त्योभन्दा तीन गुना धेरै शब्द पुस्तक पढदा प्रयोग हुन्छ । यसैले पनि मौखिक वा सम्झनाको भरमा सुनाउनु भन्दा पुस्तक पढेर सुनाउनु बढी उपयोगी हुन्छ । पुस्तक पढेर सुनाउँदा शिशुहरु पुस्तकसँग परिचित हुन्छन् । पुस्तकमा भएका चित्रहरु, रंग रुप र आकारबारे बुझ्छन् । पुस्तकमा रमाउन थाल्छन् । पढ्दा आनन्द मान्ने र आनन्दका लागि पढ्ने बानी बस्छ । यसका साथै शब्दभण्डार र ज्ञानको भण्डार बढ्दै जान्छ । जुन कुरा उनीहरुलाई जीवनभरि काम लाग्छ ।

**गोरखापत्र दैनिक, ३० नवम्बर २०११, २०६८ मंसिर ४ मा प्रकाशित ।**